# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

सञ्चार मन्त्रालयका का. मु. सचिव श्री कालीप्रसाद रिजाल विश्व प्रशासकीय रेडियो सम्मेलन– ९२ बैंककमा हुने क्षेत्रीय गोष्ठीमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री उत्तमलाल श्रेष्ठलाई मिति २०४८।४।१९ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी २०४८।७।१ गतेदेखि लागू हुने गरी नेपाल अधिराज्य भित्र प्रवेशका लागि भिसा जारी गर्दा लाग्ने दस्तुर, भिसाको म्याद थप गर्दा लाग्ने दस्तुर तथा भिसाको म्याद थप गर्दा प्रति दिन सटही गर्नु पर्ने विदेशी मुद्रा देहाय बमोजिम तोकेको छ ।

१. पर्यटक र गैर पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुरः–

(क) नियोग र प्रवेश स्थल स्थित अध्यागमन कार्यालयले पर्यटक वा गैर पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तुरः–

(१) एक पटक प्रवेश ( सिंगल इन्ट्री ) को लागि अमेरिकी डलर २० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(२) दोहोरो प्रवेश ( डबल इन्ट्री ) को लागि अमेरिकी डलर ४० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

950

(३) बहु प्रवेश ( मल्टिपल इन्ट्री ) को लागि अमेरिकी डलर ८० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

(ख) प्रवेश स्थल स्थित अध्यागमन कार्यालय बाहेक नेपाल अधिराज्यभित्र भिसा जारी गर्दा खण्ड (क) मा तोकिएको दस्तुर बराबरको नेपाली मुद्रा ।

२. पर्यटक भिसाको म्याद थप गर्दा लाग्ने दस्तुरः–

(१) नियोगबाट जारी हुने भिसा ३० दिनको तथा प्रवेश स्थल स्थित अध्यागमन कार्यालयबाट जारी भएको भिसाको म्याद १५ दिन हुने हुँदा सो भिसामा १५ दिनसम्म म्याद थप निःशुल्क हुनेछ ।

(२) सो पछि एक महिनासम्मको म्याद थपको लागि प्रति हप्ता ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा शुल्क लाग्नेछ ।

(३) सो एक महिनापछिको म्याद थपको लागि प्रति हप्ता १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा शुल्क लाग्नेछ ।

३. गैह्र पर्यटक भिसाको म्याद थप गर्दा लाग्ने दस्तुरः–

(१) नेपालको क्याम्पसमा अध्ययनको निमित्त आएका विद्यार्थीहरूको र नेपाल स्थित वि. वि. को अनुसन्धानमा संलग्न हुने अनुसन्धानकर्ता विदेशीहरूलाई प्रति महिना ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा शुल्क लाग्नेछ ।

(२) अन्य विदेशीहरूको निमित्त प्रति महीना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा शुल्क लाग्नेछ ।

(३) विदेशी राहदानी बाहक नेपाली तथा नेपाली नागरिकसंग विवाह गरी आउने विदेशीहरूलाई उपखण्ड (१) बमोजिमको दस्तुर लाग्नेछ ।

४. आवासीय भिसाको म्याद थप गर्दा लाग्ने दस्तुरः–

(१) आवासीय भिसाको म्याद थप गर्दा खण्ड ३ (१) बमोजिमको दस्तुर प्रति वर्ष लाग्नेछ ।

५. अन्तरिम भिसा जारी गर्दा लाग्ने दस्तुरः–

(१) अन्तरिम भिसा जारी गर्दा १० अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा दस्तुर लाग्नेछ ।

६. भिसाको म्याद थप गर्दा प्रतिदिन सटही गर्नु पर्ने विदेशी मुद्राः–

(१) पर्यटक भिसाको म्याद थप गर्दा जति दिनको निमित्त भिसाको म्याद थप गरिने हो त्यति दिनको प्रतिदिन अमेरिकी डलर २० वा सो बराबरको अन्य विदेशी मुद्रा बैंकमा सटही गरेको प्रमाण पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

158

(२) विदेशी राहदानी वाहक नेपाली आफ्नो नातेदार भेट्न आउँदा गैर पर्यटक भिसा दिने तर निज नेपालमा बस्ने अवधिभरको लागि प्रति वर्ष २००० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको हिसाबले बैंकमा सटही गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

७. अन्य दस्तुरः–

(१) विभागबाट ट्राभल डकुमेण्ट जारी गर्दा १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तुर लाग्नेछ ।

(२) पुरानो राहदानीबाट नयाँ राहदानीमा वा राहदानी हराई नयाँ राहदानी वा ट्राभल डकुमेण्टमा भिसा स्थानान्तरण गर्नु परेमा ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तुर लाग्नेछ ।

८. विलम्ब दस्तुरः– माथि उल्लेखित कुनै पनि भिसाको म्याद थप गर्दा भिसाको म्याद गुज्रिसकेको भए गुज्रेको अवधिको हकमा जति शुल्क लाग्ने हो सो को दोब्बर बिलम्ब शुल्क समेत लाग्नेछ ।

९. माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मित्रराष्ट्रहरूले भिसाको दस्तुर उपरोक्त दर भन्दा घटी वा बढी लिई आएको भए पारस्परिकता (Reciprocity) को आधारमा त्यस्ता राष्ट्रका पर्यटकहरूलाई सोही अनुसारको भिसा दस्तुर लाग्नेछ ।

१०. उपरोक्त दस्तुर सम्बन्धी २०४५।८।१ को सूचना खारेज गरिएको छ ।

आज्ञाले,
रामचन्द्र पौडेल
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणी, सह-सचिवस्तरका देहायका अधिकृतहरूलाई निजामती सेवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
955
मुद्रण विभाग

नियमावली, २०२१ को नियम ७.१ (३) अनुसार सरकारी नोकरीबाट अवकाश दिएको छ ।

| नाम, थर | पद र कार्यालय |
|---|---|
| १. श्री दानबहादुर शाही | राजपत्रांकित प्रथम श्रेणी, सह-सचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । |
| २. श्री सूर्यबहादुर सेन ओली | " " |
| ३. श्री लवबिक्रम शाह | " " |
| ४. श्री ललितबहादुर बम | " " |
| ५. श्री श्रीमान श्रेष्ठ | सह-सचिव, आवास तथा भौतिक योजना मन्त्रालय । |

## सूचना २

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणी, अतिरिक्त सचिवस्तर सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री वासुदेव प्रधानलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१(३) अनुसार सरकारी नोकरीबाट अवकाश दिएको छ ।

आज्ञाले,
श्री अम्बिकाभक्त शर्मा
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
200
मुद्रण विभाग, सिंहदरबार